# आमाछोदिङमो गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या :-०८१/०८२
चलानी नं. :-

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मितिः २०८२/०३/०९)

आमाछोदिङमो गाउँपालिकाको लागि हेल्थ असिस्टेन्ट, स्टाफ नर्स, अहेब तथा अनमी पदको देहायको संख्या र योग्यता भएको कर्मचारी सेवा करारमा राख्नु पर्ने भएकाले निम्नानुसारको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट) सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको दरखास्त फाराम कार्यालयबाट वा वेवसाइट aamachhodingmomun.gov.np बाट उपलब्ध हुनेछ।

**विज्ञापन नं. १८/२०८१/०८२**

| | | |
|---|---|---|
| १. आवश्यक पद तथा संख्याः | -हेल्थ असिस्टेन्ट | -१(एक) जना |
| | -स्टाफ नर्स | -१(एक) जना |
| | -अहेब | -३ (तिन) जना |
| | -अनमी | -३ (तिन) जना |

२. शैक्षिक योग्यता र अनुभव : सम्वन्धित पदमा लोकसेवा आयोगले विज्ञापन गर्दा निर्धारण गरे बमोजिमको शैक्षिक योग्यता हुनुपर्नेछ।

३. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित नेपाल कानून वमोजिम विभिन्न काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरको हुनुपर्नेछ।

४. सेवाको किसिम करार सेवा ।

५. दरखास्त दस्तुरः सम्वन्धित पदका लागि लोकसेवा आयोगको परिक्षामा तोकए सरह हुने।-

६. पारिश्रमिकः नेपाल सरकारले सम्बन्धीत श्रेणीको लागि तोकेको न्यूनतम शुरु स्केल बराबर हुनेछ।

७. उमेरः २१ वर्ष उमेर पुरा गरी पुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ।

८. परिक्षाको किसिमः संक्षिप्त सूचिकरण (Short Listing) तथा अन्तरवार्ता।

विकाश शर्मा रिजाल
प्रमुख प्रशासकीय अधिकृत

Web address: www.aamachhodingmo.gov.np

Email: aamachhodingo@gmail.com

Scanned with CamScanner
CamScanner